# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ८** **संख्याः ८** **मितिः २०८१/०७/२३**


## भाग - २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको कायविधि सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपालिका पशुपालनमा यान्त्रिकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना :** बागमती गाउँपालिकाका पशुपालक कृषकलाई विभिन्न यन्त्र उपकरणको प्रयोग गर्न उत्प्रेरित गरी पशुपालनलाई थप व्यावसायिक बनाउने उद्देश्यका साथ पशुपालनमा यान्त्रिकीकरण कार्यक्रम गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ र बागमती गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी यस गाउँपलिकाको कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भः** (१) यस कार्यविधिको नाम " बागमती गाउँपालिका पशुपालनमा यान्त्रिकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "कार्यपालिका" भन्नाले बागमती गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

ख) "शाखा" भन्नाले बागमती गाउँपालिकाको पशुपंछी विकास शाखालाई सम्झनु पर्छ।

गः "सेवा केन्द्र" भन्नाले बागमती गाउँपालिकाको पशुपंछी विकास शाखा अन्तर्गत रहेको पशुपंछी सेवा केन्द्रलाई सम्झनु पर्छ।

घ) वडा कार्यालय भन्नाले बागमती गाउँपालिकाको वडा कार्यालयलाई सम्झनु पर्छ।

ङ) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको बुदा नं. ४ (घ) बमोजिम गठित मूल्याङ्कन समितिलाई सम्झनु पर्छ।

च) "समूह/सहकारी" भन्नाले बागमती गाउँपालिकामा दर्ता तथा नवीकरण भएका पशुपालन तथा कृषि समूह तथा सहकारीलाइ सम्झनु पर्दछ।

छ) "उद्यमी व्यवसायी" भन्नाले करदाता सेवा कार्यालयमा व्यवसाय दर्ता तथा नबीकरण गरेका पशु तथा कृषि फर्म तथा व्यवसायिक कृषकलाई बुझ्नु पर्दछ।

जः "यन्त्र" भन्नाले आधुनिक कृषि तथा पशुपालन गर्नको लागि प्रयोग हुने मेशिन, औजार तथा उपकरण समेतलाई जनाउनेछ।

## परिच्छेद-२

## प्रस्ताव आह्वान र मूल्याङकन सम्बन्धी व्यवस्था

**(३) प्रस्ताव आह्वानः**

(क) यस कार्यविधि बमोजिम यान्त्रिकीकरण अनुदान वितरण गर्नको लागि गाउँपालिकाले इच्छुक उद्यमीबाट यान्त्रिकीकरण मागको प्रस्ताव पेश गर्न स्थानीय रेडियो, पत्रपत्रिका समेतबाट घटीमा १५ दिनको समय दिई सार्वजनिक सूचना गर्नेछ। गाउँपालिकाले यस्तो सूचना बेवसाइटमा राख्ने व्यवस्था मिलाउनुको साथै सम्पूर्ण वडा कार्यालयमा समेत टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) यस कार्यविधि अनुरुप यान्त्रिकीकरण अनुदान प्राप्त गर्न चाहने उद्यमी समूह सहकारी संस्थाहरुले तोकिएको मितिभित्र गाउँपालिकामा आफूलाई आवश्यक यान्त्रिकीकरण अनुदानको बिबरण सहित अनुसूची-२ को ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(ग) उद्यमी समूह/सहकारी संस्थाहरुले कार्यालयमा पेश गर्ने प्रस्तावको साथमा सम्बन्धित वडा कार्यालयको सिफारिस, व्यवसाय दर्ता नवीकरण प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र, व्यावसायिक योजना, अनुभव र तालिमको प्रमाण-पत्रको प्रतिलिपि समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

बागमती गाउँपालिका मकवानपुर

(घ) प्रस्ताव मूल्याङ्कन समिति

यस कार्यबिधि बमोजिम कृषि यान्त्रिकीकरण अनुदान हस्तान्तरणको लागि प्राप्त प्रस्तावहरु छनौट गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्याङकन समिति रहनेछ।

१) गाउँपालिका अध्यक्ष -संयोजक

२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

३) आर्थिक विकास समितिका संयोजक - सदस्य

४) पशुपंछी विकास शाखा प्रमुखले तोकेको एक प्राविधिक - सदस्य

५) पशुपन्छी विकास शाखा प्रमुख - सदस्य सचिव

ङ) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(च) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ।

(छ) प्रस्ताव मूल्याङकन गर्दा मुल्याङ्कन समितिले अनुसूची-३ बमोजिमका मूल्याङ्कनका आधारहरु बमोजिम गर्नुपर्नेछ।

(ज) मुल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी क्रमशः बढी अंक प्राप्त गर्ने प्रस्तावहरु स्वीकृत गर्नु पर्नेछ।

(झ) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कनका सिलसिलामा आवश्यकता अनुसार अनुगमन निरीक्षण गराई प्रतिवेदन लिन सक्नेछ।

## परिच्छेद-३

## यान्त्रिकीकरण अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रिया एवं शर्तहरु अनुदान हस्तान्तरणमा प्राथमिकता दिइनेः

(४) यान्त्रिकीकरण अनुदान हस्तान्तरण गर्दा देहाय बमोजिमका दुग्ध समूह, सहकारी संस्थालाई प्राथमिकता दिइनेछ।

- पशपलन  सम्बन्धी तालिम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको।
- पशुपालन समूह/सहकारी/ निजी फर्म दर्ता गरी संचालन गरेको।

बागमती गाउँपालिका, मकवानपुर

- स्वदेशी श्रम, सिप तथा स्थानीय कच्चा पदार्थको उपयोग गरी स्थापना एवं सचालन भएका कृषि/ पशुपालन उद्योग तथा व्यवसाय भएको कृषक।
- महिला, दलित, लोपोन्मुख, अपाङ्ग, आर्थिक एवं सामाजिक दृष्टिले पछाडि परेका कृषक।
- वातावरणमैत्री कृषि उद्योग व्यवसाय संचालन गरेका कृषक।

५. यान्त्रिकीकरण अनुदान हस्तान्तरण सम्बन्धी प्रक्रियाः

(क) कार्यक्रम संचालनार्थ गाउँपालिकाको तर्फबाट प्रत्येक आर्थिक बर्षमा विनियोजित हुने रकमको परिधिभित्र रहि आवेदन साथ सलग्न प्रस्ताव अनुसार कृषकको क्षमता र यान्त्रिकीकरण अनुदान हस्तान्तरण कार्यक्रमबाट प्राप्त हुने उपलब्धि र प्रभावका आधारमा मूल्याङ्कन समितिले सिफारिस गरे बमोजिमको यान्त्रिकीकरण अनुदान प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुनको अधीनमा रही यसै कार्यविधि बमोजिमको मापदण्ड पुगेको कृषकहरु सँग सम्झौता गरी यान्त्रिकीकरण अनुदान हस्तान्तरण गरिनेछ।

(ख) कृषकको आवश्यकता र कृषि व्यवसायबाट हुने रोजगारीका आधारमा लागत अनुमानको बढीमा ८०% (असी प्रतिशत) सम्मको अनुदान उपलब्ध गराईनेछ।

(ग) अनुदान कार्यक्रमको लागि छनौट भएका कृषकबाट सम्झौता हुनुपूर्व जम्मा हुनुपर्ने लागत सहभागिता बापतको रकम गाउँपालिकाको खातामा नगदै जम्मा गरी भौचर पेश गर्नु पर्नेछ।

(घ) यस कार्यक्रम अन्तर्गत उपलब्ध गराईने प्रविधिको आपूर्ति र वितरण सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ।

**६. यान्त्रिकीकरण अनुदान कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने औजार तथा उपकरणहरुः**

यान्त्रिकीकरण अनुदान कार्यक्रम अन्तर्गत हस्तान्तरण गरिने औजार तथा उपकरणहरु अनुसूची-५ मा उल्लेख गरिएको छ।

**७. अनुदान हस्तान्तरणका शर्तहरुः**

(क) कृषकहरुले प्राप्त यान्त्रिकीकरण अनुदानको उचित सदुपयोग गर्नुपर्नेछ।

(ख) अनुदान प्राप्त गरेको मितिले ५ बर्षसम्म अरुलाई हस्तान्तरण गर्न पाईने छैन, सो भन्दा अगावै हस्तान्तरण वा बिक्री वितरण गरेमा वा सम्झौता बमोजिम अनुदानको उपयोग नगर्ने कृषकलाई प्रचलित

कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने र त्यस्ता कषकलाई यस कार्यक्रमबाट बञ्चित गरिनेछ।

(ग) कुनै कृषकले अनुदानको पूर्ण सदुपयोग गरी व्यवसायमा उन्नति गर्नुको साथै स्थानीय स्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनीय योगदान पुर्याएमा त्यस्ता कृषकलाई पुनः अनुदान उपलब्ध गराउन सकिनेछ।

(घ) यान्त्रिकीकरण अनुदान अनुसूची-४ को ढाँचामा सम्झौता गराई हस्तान्तरण गर्नु पर्नेछ।

## परिच्छेद-४
## अनुगमन, निरीक्षण तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

**८. अनुगमन, निरीक्षण तथा मूल्याङ्कनः** यस कार्यविधि अनुसार उपलब्ध गराईने यान्त्रिकीकरण अनुदान सदुपयोग भए नभएको बारेमा कार्यालयले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्ने र मूल्यांकन गरी प्रतिवेदन दिन सक्नेछ। अनुदान दुरुपयोग भएको पाईएमा मूल्याङ्कन समितिले कार्बाहीका लागि सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-५
## विविध व्यवस्था

**९. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानमा द्धिविधा उत्पन्न भएमा वा कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्नेछ।

**१०. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**११. कार्यविधिमा संशोधनः** बागमती गाउँ कार्यपालिकाले यस कार्यविधिमा समयानुकुल संशोधन गर्न सक्नेछ।

**१२. जोखिम बहनः** यस कार्यक्रम संचालन गर्ने क्रममा आईपर्ने जोखिम बहन बागमती गाउँ कार्यपालिकाले गर्नेछ।

## अनुसूची १

## सुचना प्रकाशनको ढाँचा

प्रथम पटक प्रकाशित मितिः

बागमती गाउँपालिकाको आर्थिक बर्ष............ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ......कार्यक्रममा सहभागी हुन यस कार्यालयको कार्य क्षेत्र भित्र रहेका दुग्ध सहकारी, निजी पशु फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित भएको तीस दिनभित्र कार्यालय समयमा सम्बन्धीत पशु शाखा / सेवा केन्द्रमा देहाय बमोजिमका कागजात सहित आवेदन पेश गर्नुहुन आह्वान गरीन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका आवेदन छनौटका लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

पेश गर्नुपर्ने कागजातहरुको विवरणः

१. रु.१०/- को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिमको निवेदन,
२. अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र.
३. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि,
४. दर्ता प्रमाण पत्रको प्रतिलिपि,
५. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरीने कम्पनी अद्यावधिक भएको पत्र,
६. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि,
७. संस्थाको हकमा निर्णय प्रतिलिपि,
८. आवेदन प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र,
९. अधिकार प्राप्त पदाधिकारीको नागरीकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)।

बागमती गाउँपालिका मकवानपुर

## अनुसूची २

यान्त्रिकीकरण अनुदान सहयोगको लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बागमती गाउँपालिका, मकवानपुर।

**बिषयः पशुपालनमा यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत अनुदान उपलब्ध गराई गराई पाउँ।**

मलाई/हामीलाई कृषि, पशुपन्छी/मत्स्य क्षेत्रमा उपयोग गर्नका लागि मिति........................ प्रकाशन गरीएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु यसै साथ माग फाराम संलग्न गरी कृषि यन्त्र उपकरण उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु/छौं।

निवेदक

दस्तखतः
आवेदकको नाम :
फर्मको नाम :
छापः

बागमती गाउँपालिका, मकवानपुर

## अनुसुची ३

प्रस्ताव मुल्याङ्कनका आधारहरु

| क्र. सं. | मूल्यांकनका आधार | प्रदान गरिने अंक |
|---|---|---|
| १. | सरकारी निकायबाट तालिम लिई कृषि व्यवसाय संचालन गरेका फर्म/समूह/सहकारी संस्था, | २० |
| २. | अन्य स्वीकृत प्राप्त संस्थाबाट तालिम लिई कृषि उद्योग तथा व्यवसाय संचालन गरेका कृषकहरु, | १० |
| ३. | स्थानीय कच्चा पदार्थमा आधारित कृषि व्यवसाय संचालन गरेको भए, | १० |
| ४. | कृषि व्यवसाय सचालन गरी अन्य रोजगारी सिर्जना गरेको भए, | २० |
| ५. | फार्म/कृषि समूह/सहकारीले कृषि सम्बन्धी उल्लेखनीय काम गरेको भए, | २० |
| ६. | भविष्यमा फर्मको संख्या व्रिधि गर्ने तथा असल पशुपालन अभ्यास तर्फ उन्मुख भए | २० |

पुनश्च :

१) उल्लेखित आधारमा मूल्याङकन गर्दा कम्तीमा ५० अङ्क प्राप्त गर्ने कृषकलाई मात्र छनौट गरिनेछ।

२) व्यवसाय दर्ता/नवीकरण, करचुक्ता प्रमाणपत्र, व्यावसायिक योजना, तालिम र अनुभवका प्रमाणपत्र पेश नगर्ने कृषकलाई मूल्याङ्कनमा समावेश गरिने छैन।

३) कार्यालयले साझेदारीमा यान्त्रिकीकरण कार्यक्रम संचालनको निम्ति कृषकहरु संग अग्रिम रकम माग गर्न सक्नेछ।

बागमती गाउँपालिका, मकवानपुर

## अनुसुची ४

सम्झौता

कृषि फर्म, समूह, सहकारी लाई कृषि यान्त्रिकीकरण अनुदान हस्तान्तरणको सम्झौता लिखितम् मकवानपुर जिल्ला बागमती गाउँपालिका न वडा.........................दर्ता मिति.....................टोल बस्ने म/ हामी विगत वर्षदेखि दर्ता नं....................पशु फार्म/समूह/सहकारी मा कार्यालयमा दर्ता गरी यस कार्यालयको सूचना अनुसार मलाई आवश्यक पर्ने कृषि यान्त्रिकीकरण अनुदान माग गरेको छु। मैले यसको कार्यविधि राम्ररी बुझेको छु। मैले प्राप्त गर्ने उपकरण आफ्नो कृषि व्यवसायमा प्रयोग गर्नेछु। उक्त उपकरण आजको मितिले ५ वर्ष सम्म कसैलाई पनि बिक्रि वितरण वा हस्तान्तरण गर्ने वा भाडामा दिने छैन। यो सम्झौता विपरित गरेमा कार्यालयको नियम अनुसार प्राप्त अनुदान वापतको रकम फिर्ता समेतको कारवाही व्यहोर्न राजी छु भनि यस सम्झौतामा सहीछाप गरिदिए।

**प्राप्त गरेको उपकरणको बिवरण**

| सि. नं. | उपकरणको नाम | परिमाण | दर | गा.पा को अनुदान | कृषकको लागत सहभागिता | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**<u>गाउँपालिकाको तर्फबाट</u>**
दस्तखतः
नामः
पदः
मितिः
छापः

**<u>रोहबर (कृषकको तर्फबाट</u>)**
दस्तखतः
नामः
मितिः

**निवेदक**
दस्तखतः
नामः
मितिः

बागमती गाउँपालिका, मकवानपुर

## अनुसुची ५

### लाभग्राहीलाई उपलब्ध गराउन सकिने रकम

| क्र.स | यन्त्र उपकरणको नाम | प्याकेज रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | चाफ कटर Manual | रु. ७५०० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| २ | चाफ कटर Electric | रु. २५००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| ३ | मिल्किंग मेशिन | रु. ९०००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| ४ | चिलिंग भ्याट (५०० लि.) | रु. ११५००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| ५ | चिलिंग भ्याट (१००० लि.) | रु. २,२०,००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| ६ | चिलिंग भ्याट (२००० लि.) | रु. ३,५०,००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| ७ | चिलिंग भ्याट (३००० लि.) | रु. ३,५०,००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| ८ | चिलिंग भ्याट (५००० लि.) | रु. ५,००,००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| ९ | मिल्क एनालाईजर (Milk Analyzer) | रु. १,६०,००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| १० | डी — फ्रिज ४०० लि. | रु. २५,००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |
| ११ | Stainless Steel Can 40 liters | रु. ५,००० वा खरिद मुल्यको ५० प्रतिशतले हुने रकम जुन कमि हुन्छ | |

आज्ञाले,

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत